# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८०/०८१

च.नं.:

## कबाडी मालवस्तु निकासी ठेक्काको बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/०२/१६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम आ.व.२०८१/०८२ को लागि कबाडी मालवस्तु निकासी कर उठाउने कार्यको ठेक्का प्रकृयाबाट आय वन्दोवस्ति गर्नुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्म/कम्पनीबाट बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

१ बोलपत्रको फाराम निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.३०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर वा रसिद, फर्म/कम्पनी दर्ता प्रमाण पत्र, आ.व.०७९/०८० को आयकर चुक्ता प्रमाणपत्र र मू.अ.कर दर्ता प्रमाणपत्र संलग्न गरि यो सूचना प्रकाशन भएको मितिले ३० दिनको कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट लिन सकिनेछ ।

२ न्युनतम अंक रु.६५,५२,०००।- कायम गरिएको छ । उक्त अंकमा मु.अ.कर समावेस गरिएको छैन । बोलपत्र पेश गर्दा आँफुले बुझाउन कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

३ बोलपत्रसाथ आँफुले कबोल गरेको अंकमा मू.अ.कर जोडी हुन आउने रकमको ५% ले हुने धरौटी रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२.०० वजेभित्र यस कार्यालयमा बोलपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन ।

५ बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिनेछैन

६ आँफुले कबोल गरेको रकम ठेक्का सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिईनेछ । यस्तो छुट दिँदा दाखिला गर्ने रकम न्युनतम अंक भन्दा घटी हुने गरि दिईनेछैन । कबोल रकम किस्ताको रुपमा बुझाउन चाहेमा ५०% ले हुन आउने रकम ठेक्का सम्झौताका बखत र बांकी रकम २०८१ साल पौष मसान्त भित्र बुझाउनु पर्नेछ । बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको कम्तिमा ०८१ माघ मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

७ न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

प.सं.: ०८०/०८१

च.नं.:

---

हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

८ ठेक्का अवधि २०८२ आषाढ मसान्त सम्म हुनेछ । तर सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९ बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावी गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१० नगरपालिकाले अनुमति दिएका फोहरमैला संकलन/प्रशोधन एवं व्यवस्थापन केन्द्रले संकलन बिक्री गर्ने कवाडी सामानमा यो कर लगाउन पाईनेछैन ।

११ कवाड निकासी करको दररेट बोलपत्रसाथ उपलब्ध गराईनेछ । कर संकलन गर्दा उक्त दरमा १३% ले हुने मू. अ. कर थप गरि संकलन गर्नुपर्नेछ । यस्तो कर कवाड संकलन केन्द्रबाटै संकलन गर्नुपर्नेछ । राजमार्ग वा सहायक मार्गमा तगारो राखी कर असुल गर्न पाईने छैन ।

१२ ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१३ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

इन्द्र दत्त सापकोटा
राजश्व अधिकृत

CamScanner